# साकेला गाउँपालिकाको आकस्मिक एयर एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०

*कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०५/१३*

**प्रस्तावना**

साकेला गाउँपालिकाभित्रका नागरिक कुनै दुर्घटना, प्राकृतिक विपद्, आकस्मिक स्वास्थ्य समस्या, गम्भीर रोग वा अन्य जीवन जोखिमयुक्त अवस्थामा परी तत्काल उपचार आवश्यक भएको तर भौगोलिक विकटता, यातायातको कठिनाइ, सडकको अवस्था तथा समयको अभावका कारण नजिकको वा सुविधा सम्पन्न स्वास्थ्य संस्थामा समयमै पुर्याउन कठिन हुने अवस्थालाई मध्यनजर गर्दै आकस्मिक एयर एम्बुलेन्स सेवा उपलब्ध गराउने व्यवस्था गर्न आवश्यक भएकोले,

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, जनस्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानून, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी प्रचलित कानून, नागरिक उड्डयनसम्बन्धी प्रचलित कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही साकेला गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत नीति, कार्यक्रम तथा बजेटबाट विनियोजित रकमको प्रभावकारी, पारदर्शी र उत्तरदायी ढङ्गले उपयोग गरी नागरिकको जीवनरक्षा गर्ने उद्देश्यले यो कार्यविधि तर्जुमा गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह र व्यवस्थापनको अधिकार रहेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "साकेला गाउँपालिकाको आकस्मिक एयर एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि साकेला गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

(३) यस कार्यविधिको कार्यान्वयनका लागि आवश्यक बजेट गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमबाट व्यवस्था गरिनेछ।

**२. कानूनी आधार**

यस कार्यविधिको कानूनी आधार देहायबमोजिम हुनेछः

क) नेपालको संविधान,

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

ग) जनस्वास्थ्य सेवा सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून,

घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी प्रचलित कानून,

ङ) सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून,

च) अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी प्रचलित कानून,

छ) नागरिक उड्डयन तथा हवाई सेवा सञ्चालन सम्बन्धी प्रचलित कानून, नियम, मापदण्ड तथा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जारी निर्देशिका/मापदण्ड,

ज) गाउँपालिकाको स्वीकृत नीति, कार्यक्रम तथा बजेट,

झ) गाउँपालिकाबाट जारी भएका अन्य प्रचलित स्थानीय कानून, र

ञ) प्रचलित कानूनसँग नबाझिने गरी कार्यपालिकाले समय–समयमा गरेका निर्णय।

३. उद्देश्य

**यस कार्यविधिका उद्देश्य देहायबमोजिम हुनेछन्ः**

क) आकस्मिक तथा जीवन जोखिमयुक्त अवस्थामा रहेका गाउँपालिकाबासीलाई तत्काल उपचारका लागि उपयुक्त अस्पतालसम्म पु¥याउन सहयोग गर्नु,

ख) भौगोलिक विकटता तथा सडक यातायातको कठिनाइका कारण उपचारमा ढिलाइ हुन नदिनु,

ग) विपन्न, असहाय तथा आर्थिक रूपमा कमजोर नागरिकलाई प्राथमिकताका साथ एयर एम्बुलेन्स सेवामा पहुँच सुनिश्चित गर्नु,

घ) दुर्घटना, प्राकृतिक विपद् तथा अन्य आकस्मिक स्वास्थ्य संकटमा शीघ्र उद्धार तथा उपचारमा सहयोग गर्नु,

ङ) गाउँपालिकाभित्र आकस्मिक स्वास्थ्य सेवा प्रणालीलाई प्रभावकारी बनाउनु,

च) एयर एम्बुलेन्स सेवा उपलब्ध गराउने संस्थासँग व्यवस्थित समन्वय र सहकार्य गर्नु,

छ) सेवा सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन कायम गर्नु, र

ज) भविष्यमा गाउँपालिकाको आफ्नै आकस्मिक स्वास्थ्य उद्धार तथा एयर एम्बुलेन्स कोष लाई क्रमशः सुदृढ गर्दै लैजानु।

## परिच्छेद–२
## परिभाषा

**४. परिभाषा**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–**

क) "गाउँपालिका" भन्नाले साकेला गाउँपालिकालाई सम्झनु पर्छ।

ख) "कार्यपालिका" भन्नाले साकेला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

ग) "अध्यक्ष" भन्नाले साकेला गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साकेला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल
स्था. २०७३

ङ) "आकस्मिक एयर एम्बुलेन्स सेवा" भन्नाले बिरामी वा दुर्घटनामा परी गम्भीर अवस्थामा रहेका व्यक्तिलाई उपचारका लागि हवाई माध्यमबाट उपयुक्त स्वास्थ्य संस्थासम्म शीघ्र स्थानान्तरण गर्न उपलब्ध गराइने सेवा सम्झनु पर्छ।

च) "आकस्मिक अवस्था" भन्नाले तत्काल उपचार वा अस्पताल स्थानान्तरण नगरिएमा बिरामीको जीवन, स्वास्थ्य वा शारीरिक अवस्थामा गम्भीर जोखिम उत्पन्न हुन सक्ने अवस्था सम्झनु पर्छ।

छ) "लाभग्राही" भन्नाले यस कार्यविधिबमोजिम एयर एम्बुलेन्स सेवाका लागि गाउँपालिकाबाट आर्थिक सहायता वा सहजीकरण प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ।

ज) "विपन्न नागरिक" भन्नाले प्रचलित कानून तथा गाउँपालिकाको मापदण्डबमोजिम आर्थिक रूपमा कमजोर, असहाय वा उपचार खर्च धान्न नसक्ने अवस्थामा रहेको व्यक्ति सम्झनु पर्छ।

झ) "सेवा प्रदायक" भन्नाले प्रचलित कानूनबमोजिम हवाई सेवा/एयर एम्बुलेन्स सेवा सञ्चालन गर्न इजाजतप्राप्त संस्था, कम्पनी वा निकाय सम्झनु पर्छ।

ञ) "आकस्मिक उद्धार कोष" भन्नाले यस कार्यविधिअनुसार एयर एम्बुलेन्स तथा आकस्मिक स्वास्थ्य उद्धारका लागि स्थापना तथा सञ्चालन गरिने कोष सम्झनु पर्छ।

## परिच्छेद–३
## सेवा सञ्चालनसम्बन्धी व्यवस्था

### ५. एयर एम्बुलेन्स सेवा उपलब्ध गराउन सकिने अवस्था

देहायका अवस्थामा यस कार्यविधिबमोजिम सेवा उपलब्ध गराउन सकिनेछः

क) गम्भीर दुर्घटना भएको अवस्थामा,

ख) सडक यातायातबाट अस्पताल पुर्याउँदा अत्यधिक समय लाग्ने र सो कारण बिरामीको जीवनमा जोखिम हुने अवस्थामा,

ग) गम्भीर स्वास्थ्य समस्या देखिई तत्काल विशेषज्ञ उपचार आवश्यक भएको अवस्थामा,

घ) प्राकृतिक विपद्, पहिरो, बाढी, सडक अवरोध वा अन्य कारणबाट स्थलमार्ग अवरुद्ध भएको अवस्थामा,

ङ) गाउँपालिकाको स्वास्थ्य संस्थाबाट अन्य उच्चस्तरीय अस्पतालमा तत्काल रिफर गरिएको अवस्थामा,

च) गर्भवती तथा सुत्केरीको जटिल अवस्थालाई तत्काल विशेषज्ञ अस्पतालमा लैजान आवश्यक भएको अवस्थामा,

छ) बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति वा अन्य जोखिममा रहेका व्यक्तिको आकस्मिक स्वास्थ्य अवस्थामा,

ज) चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिसमा तत्काल हवाई स्थानान्तरण आवश्यक देखिएको अवस्थामा, वा

झ) गाउँपालिकाको अधिकारप्राप्त अधिकारीले विशेष आकस्मिक अवस्था भनी प्रमाणित गरेको अवस्थामा।

### ६. सेवा प्राप्त गर्ने प्राथमिकता

सेवा उपलब्ध गराउँदा देहायको प्राथमिकता कायम गरिनेछः

**पहिलो प्राथमिकता :** जीवन जोखिममा रहेका तथा तत्काल उपचार आवश्यक भएका बिरामी।

**दोस्रो प्राथमिकता :** आर्थिक रूपमा विपन्न, असहाय तथा उपचार खर्च धान्न नसक्ने नागरिक।

**तेस्रो प्राथमिकता :** दुर्घटना, विपद् तथा सामूहिक आकस्मिक घटनाका पीडित।

**चौथो प्राथमिकता :** अन्य आकस्मिक स्वास्थ्य अवस्थाका नागरिक।

तर आकस्मिकताको गम्भीरता नै प्राथमिकताको मुख्य आधार हुनेछ।

## परिच्छेद–४
## आर्थिक सहायता तथा सेवा शुल्क

### ७. गाउँपालिकाले व्यहोर्ने रकम

(१) गाउँपालिकाले स्वीकृत बजेट तथा उपलब्ध कोषको सीमाभित्र रही लाभग्राहीको एयर एम्बुलेन्स सेवाको सम्पूर्ण वा आंशिक खर्च व्यहोर्न सक्नेछ।

(२) विपन्न तथा असहाय नागरिकको हकमा गाउँपालिकाले तोकिएको मापदण्डका आधारमा शतप्रतिशतसम्म सेवा खर्च सहायता उपलब्ध गराउन सक्नेछ।

(३) अन्य नागरिकको हकमा गाउँपालिकाले तोकेको सीमासम्म आर्थिक सहायता वा सहजीकरण उपलब्ध गराउन सक्नेछ।

(४) एउटै घटनाका लागि अन्य सरकारी निकाय, स्वास्थ्य बीमा, सामाजिक संस्था वा अन्य स्रोतबाट खर्च व्यहोरिएको भए सोही खर्च दोहोरो रूपमा गाउँपालिकाबाट व्यहोर्न पाइने छैन।

### ८. ब्याजरहित सहुलियत रकमसम्बन्धी व्यवस्था

(१) गाउँपालिकाले स्वीकृत बजेट तथा प्रचलित कानूनको अधीनमा रही आर्थिक रूपमा तत्काल खर्च व्यवस्थापन गर्न नसकेका तर निश्चित अवधिभित्र रकम फिर्ता गर्न सक्ने नागरिकलाई अधिकतम एक महिनासम्मको ब्याजरहित अस्थायी सापटी/पेश्की सहायता उपलब्ध गराउन सक्नेछ।

(२) यस्तो रकम प्रदान गर्नु अघि लाभग्राही वा निजको कानूनी अभिभावक/नजिकको हकदारसँग निर्धारित ढाँचामा रकम फिर्ता गर्ने लिखित कबुलियतनामा गराउनुपर्नेछ।

(३) रकम फिर्ता गर्ने अवधि बढीमा ३० दिन हुनेछ।

(४) यस्तो रकम अनुदान हो वा फिर्ता गर्नुपर्ने रकम हो भन्ने कुरा स्वीकृति आदेशमै स्पष्ट खुलाउनुपर्नेछ।

(५) निर्धारित समयमा रकम फिर्ता नगरेमा प्रचलित कानून तथा गाउँपालिकाको निर्णयबमोजिम असुलउपर गरिनेछ।

(६) कुनै व्यक्तिलाई मनपरी रूपमा सापटी दिने, राजनीतिक वा व्यक्तिगत पहुँचका आधारमा सुविधा दिने वा गाउँपालिकाको बजेटलाई निजी ऋणको रूपमा प्रयोग गर्ने कार्य गर्न पाइने छैन।

सिकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल
स्था. २०७३

परिच्छेद–५

## सेवा माग, सिफारिस तथा स्वीकृति

### ९. सेवा माग गर्ने प्रक्रिया

आकस्मिक अवस्थामा बिरामीको परिवार, स्वास्थ्य संस्था, वडा कार्यालय, प्रहरी कार्यालय वा अन्य सम्बन्धित निकायले गाउँपालिकामा तत्काल जानकारी गराउन सक्नेछ। जानकारी प्राप्त भएपछि स्वास्थ्य शाखाले सम्भव भएसम्म देहायका विवरण संकलन गर्नेछः

क) बिरामीको नाम, उमेर र ठेगाना,
ख) आकस्मिकताको प्रकृति,
ग) हाल रहेको स्थान,
घ) लैजानुपर्ने अस्पताल,
ङ) चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस,
च) परिवारको आर्थिक अवस्था,
छ) सम्पर्क व्यक्तिको विवरण,
ज) अनुमानित हवाई सेवा खर्च, र
झ) अन्य आवश्यक विवरण।

### १०. आकस्मिक अवस्थामा पूर्वस्वीकृति लिन नसकिने अवस्था

(१) बिरामीको जीवन बचाउन तत्काल एयर एम्बुलेन्स प्रयोग गर्नुपर्ने र पूर्वस्वीकृति लिँदा उपचारमा गम्भीर ढिलाइ हुने अवस्था भएमा पूर्वस्वीकृति अनिवार्य हुनेछैन।

(२) यस्तो अवस्थामा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतमध्ये उपलब्ध अधिकारप्राप्त पदाधिकारीले तत्काल मौखिक/टेलिफोनिक स्वीकृति दिन सक्नेछ।

(३) त्यस्तो निर्णयको अभिलेख २४ घण्टाभित्र लिखित रूपमा प्रमाणित गर्नुपर्नेछ।

(४) तत्कालीन अवस्थामा गाउँपालिकाका कुनै पनि अधिकारप्राप्त पदाधिकारीसँग सम्पर्क हुन नसकेमा सम्बन्धित स्वास्थ्य संस्थाको चिकित्सक/स्वास्थ्यकर्मीको आकस्मिक सिफारिसका आधारमा सेवा सञ्चालन गर्न सकिनेछ र त्यसको जानकारी तत्काल गाउँपालिकालाई दिनुपर्नेछ।

परिच्छेद–६

## सेवा प्रदायक तथा हवाई सुरक्षा

### ११. सेवा प्रदायक छनोट

(१) गाउँपालिकाले प्रचलित सार्वजनिक खरिद कानून तथा हवाई सेवा सञ्चालनसम्बन्धी कानूनको अधीनमा रही योग्य तथा इजाजतप्राप्त सेवा प्रदायकसँग सेवा सम्झौता गर्न सक्नेछ।

(२) सेवा प्रदायक छनोट गर्दा देहायका विषयलाई आधार बनाइनेछः

क) प्रचलित कानूनबमोजिम हवाई सेवा सञ्चालन गर्ने इजाजत,
ख) एयर एम्बुलेन्स/चार्टर सेवा सञ्चालनसम्बन्धी अनुमति,

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल
स्था. २०७३

ग) विमान/हेलिकप्टरको प्राविधिक सुरक्षा,

घ) पाइलट तथा आवश्यक प्राविधिक जनशक्तिको योग्यता,

ङ) आकस्मिक अवस्थामा शीघ्र सेवा उपलब्ध गराउन सक्ने क्षमता,

च) सेवा शुल्कको पारदर्शी दर,

छ) बीमा तथा सुरक्षा व्यवस्था,

ज) बिरामी स्थानान्तरणका लागि आवश्यक स्वास्थ्यसम्बन्धी व्यवस्था, र

झ) सम्बन्धित नियामक निकायका मापदण्डको पालना।

**१२. हवाई सुरक्षासम्बन्धी व्यवस्था**

(१) कुनै पनि एयर एम्बुलेन्स/हेलिकप्टर सेवा प्रचलित हवाई सुरक्षा कानून तथा सम्बन्धित नियामक निकायका मापदण्डविपरीत सञ्चालन गरिने छैन।

(२) मौसम, दृश्यता, विमानको प्राविधिक अवस्था, उडान अनुमति, अवतरणस्थल तथा अन्य सुरक्षा कारणले उडान सम्भव नभएमा सेवा प्रदायकले उडान गर्न बाध्य हुने छैन।

(३) बिरामीको अवस्था तथा हवाई स्थानान्तरणको चिकित्सकीय उपयुक्तताको विषयमा सम्बन्धित स्वास्थ्यकर्मीको रायलाई प्राथमिकता दिइनेछ।

## परिच्छेद–७
## आकस्मिक एयर एम्बुलेन्स कोष

**१३. कोष स्थापना**

(१) गाउँपालिकाले आकस्मिक एयर एम्बुलेन्स सेवा तथा आकस्मिक स्वास्थ्य उद्धारका लागि छुट्टै "साकेला आकस्मिक स्वास्थ्य उद्धार तथा एयर एम्बुलेन्स कोष" स्थापना गर्न सक्नेछ।

(२) कोषमा देहायका रकम जम्मा गर्न सकिनेछः

क) गाउँपालिकाबाट विनियोजित रकम,

ख) प्रदेश वा संघीय सरकारबाट प्राप्त रकम,

ग) कानूनबमोजिम प्राप्त अनुदान,

घ) स्वीकृत साझेदारी कार्यक्रमबाट प्राप्त रकम,

ङ) स्वेच्छिक सहयोग तथा दान, र

च) प्रचलित कानूनले अनुमति दिएका अन्य स्रोत।

(३) कोषको रकम गाउँपालिकाको स्वीकृत आर्थिक प्रणालीअनुसार सञ्चालन हुनेछ।

## परिच्छेद–८
## विपन्नता तथा लाभग्राही पहिचान

**१४. विपन्न नागरिक पहिचान**

विपन्न नागरिक पहिचान गर्दा देहायका आधार लिन सकिनेछः

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल
स्था. २०७३

क) परिवारको आयस्तर,

ख) सम्पत्ति तथा आर्थिक अवस्था,

ग) रोजगारीको अवस्था,

घ) परिवारमा आश्रित सदस्य संख्या,

ङ) सामाजिक सुरक्षा/अपाङ्गता/असहाय अवस्था,

च) स्वास्थ्य उपचारको अनुमानित खर्च,

छ) स्थानीय वडा कार्यालयको सिफारिस, र

ज) अन्य सम्बन्धित प्रमाण।

तर जीवन बचाउन तत्काल सेवा आवश्यक भएको अवस्थामा विपन्नता प्रमाणित गर्ने प्रक्रिया पूरा नभएको कारण सेवा रोक्न पाइने छैन।

## परिच्छेद–९
## सेवा स्वीकृति समिति

### १५. सेवा स्वीकृति तथा अनुगमन समिति

कार्यक्रमलाई व्यवस्थित बनाउन देहायबमोजिम समिति रहनेछः

क) गाउँपालिका अध्यक्ष – संयोजक

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख – सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

च) प्रशासन शाखा प्रमुख/सम्बन्धित कर्मचारी – सदस्य

छ) स्वास्थ्य क्षेत्र हेर्ने अधिकृत/कर्मचारी – सदस्य–सचिव

आवश्यकता अनुसार समितिले सम्बन्धित स्वास्थ्य संस्था, चिकित्सक वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

### १६. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) एयर एम्बुलेन्स सेवा सञ्चालनसम्बन्धी नीति तथा मापदण्ड कार्यान्वयन गर्ने,

ख) लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने,

ग) सेवा प्रदायकसँग समन्वय गर्ने,

घ) सेवा खर्चको सीमा निर्धारण/सिफारिस गर्ने,

ङ) विपन्न नागरिकलाई उपलब्ध गराइने आर्थिक सहायता सिफारिस गर्ने,

च) आकस्मिक अवस्थामा भएका खर्चको अनुमोदन गर्ने,

छ) सेवा दुरुपयोग हुन नदिन अनुगमन गर्ने,

ज) सेवा प्रदायकको कार्यसम्पादन मूल्याङ्कन गर्ने,

झ) वार्षिक रूपमा सेवा तथा खर्चको समीक्षा गर्ने, र

ञ) गाउँ कार्यपालिकालाई आवश्यक सुधारका लागि सुझाव दिने।

## परिच्छेद–१०
## भुक्तानी तथा लेखा

### १७. सेवा प्रदायकलाई भुक्तानी

सेवा प्रदायकलाई भुक्तानी गर्दा देहायका कागजात संलग्न गर्नुपर्नेछः

क) सेवा माग/स्वीकृति पत्र,

ख) चिकित्सक वा स्वास्थ्य संस्थाको सिफारिस,

ग) सेवा प्रयोग भएको प्रमाण,

घ) बिरामी स्थानान्तरणसम्बन्धी विवरण,

ङ) सेवा प्रदायकको बिल/बीजक,

च) उडानसम्बन्धी प्रमाण/विवरण,

छ) सम्झौता बमोजिमको दररेट, र

ज) आवश्यक अन्य कागजात।

### १८. खर्चको लेखा तथा अभिलेख

(१) प्रत्येक एयर एम्बुलेन्स सेवाको छुट्टाछुट्टै अभिलेख राखिनेछ।

(२) अभिलेखमा कम्तीमा देहायका विवरण रहनेछन्:

लाभग्राहीको नाम

वडा

आकस्मिकताको प्रकृति

अस्पताल

सेवा मिति

सेवा प्रदायक

उडान/चार्टर खर्च

गाउँपालिकाले व्यहोरेको रकम

लाभग्राहीले व्यहोरेको रकम

अनुदान वा फिर्ता गर्नुपर्ने रकमको प्रकृति

स्वीकृत गर्ने अधिकारी

सम्बन्धित कागजात।

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल
स्था. २०७३

## परिच्छेद–११
## पारदर्शिता तथा अनुगमन

### १९. पारदर्शिता

(१) गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा एयर एम्बुलेन्स सेवामा भएको खर्च, लाभग्राहीको संख्या, सेवा प्राप्त गरेको वडा, खर्चको स्रोत तथा कार्यक्रमको उपलब्धिको समग्र विवरण सार्वजनिक गर्न सक्नेछ।

(२) व्यक्तिगत स्वास्थ्यसम्बन्धी संवेदनशील विवरण भने प्रचलित गोपनीयता सम्बन्धी कानूनको अधीनमा रही सुरक्षित राखिनेछ।

### २०. अनुगमन

(१) गाउँपालिकाले सेवा सञ्चालनको नियमित अनुगमन गर्नेछ।

(२) सेवा प्रदायकले सम्झौता तथा प्रचलित कानून पालना नगरेमा गाउँपालिकाले सम्झौताबमोजिम कारबाही गर्न सक्नेछ।

(३) गलत विवरण पेश गरी सुविधा लिएको प्रमाणित भएमा प्रचलित कानूनबमोजिम रकम असुलउपर गरिनेछ।

## परिच्छेद–१२
## दुरुपयोग नियन्त्रण

### २१. सुविधा दुरुपयोग गर्न नहुने

देहायका अवस्थामा गाउँपालिकाको एयर एम्बुलेन्स सुविधा प्रदान गरिने छैनः

क) आकस्मिक अवस्था नभएको अवस्थामा,

ख) झुट्टा विवरण पेश गरेको अवस्थामा,

ग) व्यक्तिगत मनोरञ्जन वा गैरस्वास्थ्य प्रयोजनका लागि,

घ) अन्य सरकारी/बीमा/संस्थाबाट सोही खर्च पूर्ण रूपमा व्यहोरिएको अवस्थामा,

ङ) गाउँपालिकालाई गलत सूचना दिई सुविधा लिन खोजेको अवस्थामा।

तर आकस्मिकताको वास्तविकता पुष्टि गर्न नसकिएको मात्र कारणले तत्काल जीवनरक्षाको सेवा रोक्न पाइने छैन।

## परिच्छेद–१३
## गुनासो तथा पुनरावेदन

### २२. गुनासो व्यवस्थापन

(१) सेवा सम्बन्धमा कुनै गुनासो भए गाउँपालिकाको स्वास्थ्य शाखा वा प्रशासन शाखामा लिखित/मौखिक रूपमा गुनासो गर्न सकिनेछ।

(२) प्राप्त गुनासोको आवश्यक छानबिन गरी उचित निर्णय गर्नुपर्नेछ।

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल
स्था. २०७३

(३) गुनासो सम्बन्धमा भएको निर्णयमा चित्त नबुझेमा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायमा उजुरी गर्न बाधा पर्ने छैन।

## परिच्छेद–१४
## संशोधन तथा व्याख्या

**२३. कार्यविधि संशोधन**

यस कार्यविधिमा संशोधन गर्न आवश्यक भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

२४. बाधा अड्काउ फुकाउने अधिकार

यस कार्यविधिको कार्यान्वयनमा कुनै व्यावहारिक बाधा उत्पन्न भएमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

२५. प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा उल्लेख भएको कुनै व्यवस्था नेपालको संविधान, संघीय कानून, प्रदेश कानून वा प्रचलित अन्य कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ र प्रचलित कानूनबमोजिम हुनेछ।

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल
स्था. २०७३

अनुसूची–१

# आकस्मिक एयर एम्बुलेन्स सेवा माग फाराम

१. बिरामीको नाम : ........................................
२. उमेर : ............ वर्ष
३. लिङ्ग : ............
४. स्थायी ठेगाना : साकेला गाउँपालिका वडा नं. ........
५. हाल रहेको स्थान : ................................
६. आकस्मिकताको प्रकृति : .............................
७. सम्बन्धित स्वास्थ्य संस्था : ........................
८. रिफर गरिएको अस्पताल : .............................
९. चिकित्सक/स्वास्थ्यकर्मीको नाम : ..................
१०. सम्पर्क नं. : ........................................
११. परिवार/अभिभावकको नाम : ........................
१२. विपन्न/असहाय अवस्था : हो/होइन
१३. अनुमानित एयर एम्बुलेन्स खर्च : रु. ...............
१४. गाउँपालिकाबाट माग गरिएको सहायता : रु. ..........
१५. फिर्ता गर्नुपर्ने रकम : रु. .........................
१६. अन्य स्रोतबाट प्राप्त सहायता : ....................

स्वास्थ्यकर्मीको सिफारिस :

................................................................

नाम : .................... पद : ....................
हस्ताक्षर : ................ मिति : ..................

अनुसूची–२

## आकस्मिक स्वीकृति आदेश

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मानेभञ्ज्याङ, खोटाङ

यस गाउँपालिका वडा नं. .... बस्ने श्री ................................ लाई ................................ कारणबाट आकस्मिक स्वास्थ्य अवस्था सिर्जना भई तत्काल ................................ अस्पतालमा हवाई माध्यमबाट स्थानान्तरण गर्नुपर्ने स्वास्थ्य संस्थाको सिफारिस/आकस्मिक अवस्थाको आधारमा यस कार्यविधिको दफा .... बमोजिम एयर एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरियो।

गाउँपालिकाले व्यहोर्ने रकम : रु. ................
लाभग्राहीले व्यहोर्ने रकम : रु. ................
फिर्ता गर्नुपर्ने रकम : रु. ................
सेवा प्रदायक : ..................................

स्वीकृत गर्ने अधिकारी :
नाम : ................................
पद : ..................................
हस्ताक्षर : ............................
मिति : ...................................

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल
स्था. २०७३

# अनुसूची–३

## रकम फिर्ता गर्ने कबुलियतनामा

म/हामी ........................................ ले साकेला गाउँपालिकाबाट आकस्मिक एयर एम्बुलेन्स सेवाका लागि प्राप्त गरेको रु. ................ रकम अनुदान नभई फिर्ता गर्नुपर्ने ब्याजरहित अस्थायी सहायता रकम भएको स्वीकार गर्दछु/गर्दछौं।

उक्त रकम आजको मितिले बढीमा ३० दिनभित्र गाउँपालिकाको सम्बन्धित खातामा दाखिला गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं।

नाम : ................................
ठेगाना : .............................
सम्पर्क नं. : ........................
हस्ताक्षर : ..........................
मिति : ................................

साक्षी : ....................................